COM. REG. No.: 218732/075/076
PAN No.: 303532918

# Chirkhwa Hydro Power Ltd.

Kathmandu Metropolitan City-10, Buddhanagar, Kathmandu
Phone No.: 977- 01-4524381, P.O.Box 19387, E-Mail: chirkhwa@gmail.com

मितिः २०८१।११।२५

प.स. ०८१/०८२

च.नं. ८७

Chirkhwa Hydropower Ltd. 2019 Nepal

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।**
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

विषय : छैंटौं साधारण सभा सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस चिरख्वा हाइड्रोपावर लिमिटेडको छैंटौं वार्षिक साधारण सभा गर्ने सम्बन्धमा मिति २०८१।११।२३ गते अपरान्ह २ बजे बसेको संचालक समितिको बैठकमा तपसिल बमोजिमको निर्णय भएको हुँदा जानकारी तथा अभिलेखको लागि पेश गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

१. **साधारण सभा हुने मिति, समय र स्थानः**
मिति : २०८१ साल चैत्र २० गते बुधबार
समय : बिहान ९:०० बजे
स्थान : कुण्डलिनी रोयल्स, जोरपाटी, अत्तरखेल, काठमाडौं

२. **वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**क) सामान्य प्रस्तावहरुः**

१. आर्थिक वर्ष २०८०/२०८१ को संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. आर्थिक वर्ष २०८०/०८१ का लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट तोकिएका लेखापरिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा ।
३. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरणहरु उपर छलफल सम्बन्धमा ।
४. आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्वन्धमा ।
५. संचालक समितिले आर्थिक वर्ष २०८०/०८१ मा गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
६. संस्थापक शेयरधनी समूहको प्रतिनिधित्व गर्ने पाँच जना सञ्चालकहरूको निर्वाचन सम्वन्धमा ।

**(ख) विशेष प्रस्तावहरु**

१. राष्ट्रिय बाणिज्य बैंकबाट लिएको ऋण कर्जा अनुमोदन सम्बन्धमा ।
२. आयोजनाहरुको पहिचान गरी उपयुक्त आयोजनामा लगानी/विकास गर्ने सम्बन्धमा ।

**(ग) विविध सम्बन्धमा**

..............
धान्यप्रसाद तिम्सिना
कम्पनी सचिव

# चिरख्वा हाइड्रोपावर लि.

काठमाडौं, नेपाल

## छैटौं वार्षिक साधारण सभासम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/११/२५ गते

**श्री आदरणीय शेयरधनी महानुभावज्यूहरु**

यस चिरख्वा हाइड्रोपावर लि.को सञ्चालक समितिको मिति २०८१/११/२३ गते बसेको बैठकको निर्णय अनुसार कम्पनीको छैटौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. साधारण सभा हुने मिति, समय र स्थानः**

मिति : २०८१ साल चैत्र २० गते बुधबार

समय : बिहान ९:०० बजे

स्थान : कुण्डलिनी रोयल्स, जोरपाटी, अत्तरखेल, काठमाडौं

**२. वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**क) सामान्य प्रस्तावहरुः**

१. आर्थिक वर्ष २०८०/२०८१ को संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा।

२. आर्थिक वर्ष २०८०/०८१ का लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट तोकिएका लेखापरिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा।

३. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरणहरु उपर छलफल सम्बन्धमा।

४. आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्वन्धमा।

५. संचालक समितिले आर्थिक वर्ष २०८०/०८१ मा गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।

६. संस्थापक शेयरधनी समूहको प्रतिनिधित्व गर्ने पाँच जना सञ्चालकहरुको निर्वाचन सम्वन्धमा।

**(ख) विशेष प्रस्तावहरु**

१. राष्ट्रिय बाणिज्य बैंकबाट लिएको ऋण कर्जा अनुमोदन सम्बन्धमा।

२. आयोजनाहरुको पहिचान गरी उपयुक्त आयोजनामा लगानी/विकास गर्ने सम्बन्धमा।

**(ग) विविध सम्बन्धमा**

## साधारण सभासम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८१/१२/१२ गते कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book Close) गरिनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/१२/११ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेन्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुने व्यहोरा सबैमा जानकारीका लागि सूचित गरिन्छ।

२. सम्पूर्ण शेयरधनी महानुभावहरूलाई शेयरधनी लगतमा कायम रहेको निजहरूको ठेगानामा साधारण सभाको सूचना र कम्पनीको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ। ठेगाना पूरा नभएका तथा उक्त कागजात प्राप्त नगर्ने हुने शेयरधनी महानुभावहरूले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस कम्पनीको कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभाव/संस्थाहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ। अन्यथा सभा कक्षभित्र प्रवेश पाईने छैन। हाजिरी पुस्तिका बिहान ८:३० बजेदेखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहनेछ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले कम्पनीको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ। प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनुपर्नेछ।

५. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा दर्ता भएको महानुभावहरूले सभामा भाग लिन र मतदान गर्न पाउनुहुनेछ।

६. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ।

७. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तिमा ३६ घण्टा अगावै सोको सूचना कम्पनीको कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन। तर सभामा सम्बन्धित शेयरधनी स्वय उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ।

८. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले पहिले दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी निर्वाचन अधिकृतलाई निवेदनसहित जानकारी गराएमा अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउने छ। यस्तो अवस्थामा अघि दिएको प्रतिनिधि स्वतः बदर गरेको मानिनेछ।

९. छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ।

१०. थप जानकारीको लागि कम्पनीको वेबसाइटः www.chirkhwahydropower.com बाट साथै इमेलः chirkhwa@gmail.com, फोन नं. ०१-४५२४३८१, मा सम्पर्क राख्नसमेत अनुरोध गरिन्छ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**